सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

दैनिक ज्योती जागरण

Jyoti Jagran Daily

जि.प्र.का.पर्सा द. नं. ३०५/०७८/०७९

वर्ष: २ | अंक : १६१ | वि.सं. २०७९ पुस २६ गते मंगलबार | 10, 2023 Tuesday, JAN | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

# बाल अधिकार सम्बन्धी जनचेतना मुलक कार्यक्रम सुरू ।

वीरगन्ज। पकाहाँ मैनपुर गाउँपालिकाको सहयोग तथा ज्योती बहुउद्देश्यीय मीडिया प्रालिको आयोजनामा बाल अधिकार सम्बन्धी जनचेतना मुलक कार्यक्रम बारे ५ दिने तालिम आईतबार देखि सुरु भएको छ।

कार्यक्रममा उद्घाटन गर्दै प्रमुख अतिथि एवं गाउँपालिका अध्यक्ष सुरेश प्रसाद मेहताले तालिममा सिकेका कुराहरु व्यवहारमा लागु गर्ने तथा बालबालिकाको संरक्षणका लागि सबैले एकजुट भएर काम गर्नुपर्ने बताए।




बालबालिकाहरूको हक अधिकार संरक्षणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महासन्धिहरू बनिसकेको भएपनि व्यवहारिक रूपमा कार्यान्वयन गर्न जरूरी रहेको र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरू कार्यन्वयन भएको अवस्थामा मात्रै बाल अधिकार सुनिश्चित हुने अध्यक्ष मेहताले बताए।

पुष २४ गते आईतबार देखि २८ गतेसम्म गाउँपालिकाको वडा नं ४ मा रहेको श्री ब्रहंस्थान नेराप्रावि लहावरठकारीमा सञ्चालन हुने बाल अधिकार सम्बन्धी जनचेतना मुलक कार्यक्रम तालिममा पालिकाका ३० जना बालबालिकाको सहभागिता रहने कार्यक्रमका अध्यक्षता गरिरहनु भएका वडा नं ४ का वडा अध्यक्ष ढेडी प्रसाद

***बाँकी तेश्रो पृष्ठमा***

# स्रोत नखुलेको १२ लाख २० हजार रकम सहित वीरगञ्जबाट एकजना पक्राउ



स्रोत नखुलेको १२ लाख २० हजार रकम सहित वीरगञ्जबाट एकजना पक्राउ

वीरगञ्ज,२५ पुष। पर्सा प्रहरीले स्रोत नखुलेको १२ लाख २० हजार रुपैया सहित वीरगञ्जबाट एकजनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा वीरगञ्ज महानगरपालिका वडा नम्बर १७ बस्ने वर्ष १९ को राजन कुमार साह रहेका छन।

विषेश सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको विशेष टोलीले जिल्ला पर्सा वीरगञ्ज महानगरपालिका वडा नम्बर २५ सिर्सिया स्थित सडक खण्डमा बीआर ०५ एई ३५५६ नम्बरको मोटरसाईकल रोकी चेकजाँच गर्दा साहले लगाएको हेलमेट तथा कालो ज्याकेट भित्र लुकाई छिपाई राखेको श्रोत नखुलेको नेपाली १२ लाख २० हजार रकम फेला परेको पर्साका प्रहरी नायव उपरीक्षक दिपक गिरीले जानकारी दिए।

***बाँकी तेश्रो पृष्ठमा***

# जसपा मधेस प्रदेश : लालबाबु ब्याक भएपछि दलको नेतामा सरोज यादव निर्विरोध



जनकपुरधाम। जसपा नेपाल मधेस प्रदेशको दलको नेतामा निवर्तमान सभामुख सरोज यादव निर्विरोध चयन भएका छन्।

दलको नेताका लागि सोमबार भएको निर्वाचनमा मुख्यमन्त्री लालबाबु राउत र निवर्तमान सभामुख यादवले उम्मेदवारी दिएका थिए। तर अन्तिम समयमा राउतले यादवलाई नै समर्थन गरेपछि उनी निर्विरोध दलको नेता चयन भएका हुन्।

उम्मेदवारी फिर्ता लिने समय ३:३० बजे सम्म रहेकोमा राउतले त्यसअघि नै यादवलाई समर्थन जनाएका थिए।

मधेस प्रदेशसभामा १६ सांसदसहित जसपा तेस्रो ठुलो दल हो। संघीय सत्ता समीकरण अनुसार यस प्रदेशमा जसपाकै नेतृत्वमा सरकार गठन हुने भएपछि दलको नेता चयन गर्न सकस भएको थियो।

यसअघि दलको नेता बन्न आकाङ्क्षी धेरै भएपछि नेता चुन्न पार्टी अध्यक्षलाई अधिकार दिइएको थियो। तर, अध्यक्ष समेत सो जिम्मेवारीबाट पन्छिँदै प्रदेशलाई नै निर्वाचन गराउन निर्देशन दिएपछि प्रदेश समितिले सर्वसम्मत गराउन नसक्दा आज निर्वाचनको तयारी गरिएको थियो।

# सडकमा जथाभावी फोहोर फाल्ने कृषि विकास बैंक र गगन बचतलाई जरिवाना

**वीरगञ्ज**

**सडकमा जथाभावी फोहोर फाल्ने वीरगञ्जका २ वटा वित्तीय संस्थालाई सोमबार जरिबाना तिराईएको छ।**

**वीरगञ्जलाई सफा, सुन्दर बनाउनका लागि जथाभावी फोहोर फाल्नेलाई कारबाही अभियान अघि बढाएको महानगरले सोमबार २ वटा वित्तीय संस्थालाई कारबाही स्वरुप जरिबाना तिराएको हो।**

**महानगरले लिंक रोडमा रहेको कृषि विकास बैंकलाई १ हजार रुपैयाँ र गगन बचत तथा ऋण सहकारी संस्थालाई २ हजार ५ सय रुपैयाँ जरिबाना तिराईएको महानगरका सरसफाई प्रमुख सरफुद्दिन मियाँले जानकारी दिए।**

**पहिले सचेत गराउँदै आए पनि फोहोर जथाभावी फाल्न नछाडेपछि कारबाही गर्न लागिएको हो।**





**यस अघि महानगरले कुमारी बैंक तथा अन्य २ वटा पसललाई जरिवाना तिराई सकेको छ।**

**महानगरले नगर हरियाली र सफा बनाई राखन अहिले सडक, नाला तथा फुटपाथमा राखिएका निर्माण सामग्री तथा भौतिक संरचना हटाउने र फोहोर व्यवस्थापन गर्ने अभियान नै चलाईरहेको छ। वीरगञ्जलाई सफा, स्वचछ र हराभरा बनाउन सबैको सहभागितामा मात्रै संभव रहेकाले यसलाई अटेर गर्दै फोहोर गर्नेलाई कारबाही गरिने महानगरले चेतावनी दिएको छ।सडकमा जथाभावी फोहोर गरेको भेटिए जो कोहीलाई पनि कारबाही गरिने गरी संयन्त्र परिचालन गरिएको छ। महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंह निर्वाचित भएर आएसँगै नगर हरियाली र सरसफाईलाई प्राथमिकता दिँदै अभियान चलाइरहेका छन्।**

# प्रधानमन्त्री दाहाललाई विश्वासको मत दिने कांग्रेस सभापति देउवाको वचन




काठमाडौँ – कांग्रेस सभापति शेरबहादुर देउवाले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकारलाई विश्वासको मत दिने वचन दिएका छन्। कांग्रेस संसदीय दलका नेतासमेत रहेका सभापति देउवाले सोमबार साँझ आफूलाई भेट्न

***बाँकी तेश्रो पृष्ठमा***



ज्योती जागरण

दैनिकको लागि

प्रकाशक

ज्योती मिश्रा (मोबाइल : ९८१९२८८३०१)

सम्पादक : अजय कुमार कुशवाहा

कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)

अतिथी सम्पादक : कृष्णा कुशवाहा

विशेष प्रतिनिधी : मुस्तुफा आलम

कानूनी सल्लाहकार : पन्नालाल गुप्ता

कार्यालय : वीरगञ्ज-१३ राधेमाई,

इमेल : news.jyotidainik@gmail.com

मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस

# लैंगिक समावेशिता प्रतीकात्मक मात्र

मीना पौडेल

परम्परागत केन्द्रीकृत राजनीतिक प्रणाली र राज्य सञ्चालन पद्धतिलाई प्रतिस्थापन गरी लैंगिक र अन्य पहिचानका आधारमा सीमान्तीकृत पारिएकाहरूलाई निर्णय प्रक्रियाको अर्थपूर्ण साझेदार हुने बाटो प्रशस्त गर्ने मर्म बोकेको संविधान लागू भएपछिको तीनै तहको दोस्रो आम निर्वाचन सकिएको छ । यस पटकको निर्वाचन कतिपय पक्षमा अघिल्लोभन्दा फरक त छँदै थियो, समावेशिताको मर्म बुझ्ने-बुझाउने पक्षमा पनि फरक रह्यो ।

घरेलु समाजका छिद्रहरूमा जातीयताका साङ्लाले बाँधिएका, लैंगिक विभेदका भऱ्याङमार्फत पुछारमा घचेटिएका, आफ्नै सांस्कृतिक मौलिकता र पहिचान बचाउन हम्मेहम्मे पारिएका, वर्गीय हिसाबकिताबका आधारमा सीमान्तीकृत पारिएका र भौगोलिक विकटताका नाममा पर देखिएकाहरूका चुलो, मझेरी, खेत, पखेरा, चौताराहरूमा भन्दा बाहिर दाता र अन्तर्राष्ट्रिय जगतमा बढी चर्चा पाएको समावेशिताको कठोर यथार्थता डेढ दशकयता क्रमशः प्रस्ट हुँदै थियो ।

तर, यस पालिको निर्वाचन र त्योसँग जोडिएका अनेक प्रवृत्ति, प्रक्रिया, निर्णय, राजनीतिक पार्टीहरूका सतहमा छचल्किएका र लुकेका करिबकरिब सबै छलछाम थप छर्लंग भएका छन् ।

उसो त संविधान, राज्य सञ्चालन पद्धति र खाका आफैंमा जनअनुमोदित हुन् र तिनले थुप्रै सपना देखाएका छन्, जुन आफैंमा सकारात्मक पक्ष हो नै, तर त्यसप्रतिको राजनीतिक बुझाइ, व्याख्या, विश्लेषण र परिवर्तनको नेतृत्व गरेका पार्टीहरूको कार्यनीति, उद्देश्य र खास गरी नियतमा भने अनेक प्रश्न उठ्न थालेका छन् ।

यसलाई उनीहरूको राजनीतिक क्षमताको अभाव भनेर बुझ्नु अलिक हतारो हुने भए पनि धेरै अर्थमा संविधानको मर्मलाई आफ्नो सहजता अनुरूप बुझ्न थाल्नु राजनीतिक नेतृवको नियत हो भन्नेमा अब शंका रहेन । त्यो आत्मकेन्द्रित नियत पछिल्लो सरकार गठनमा अझ प्रस्ट रूपमा देखिएको छ ।

संघीय र प्रादेशिक सभाहरूको पछिल्लो अवधि उपलब्धिमूलक हुन सकेन । कारणहरू संघ र प्रदेशहरूमा आआफ्नै होलान्, मूल कारण भने पार्टीहरू आफ्नै नेतृत्वमा स्थापना गरेको प्रणालीलाई संस्थागत गर्नभन्दा गुटगत स्वार्थ-सहजताका लागि प्रणालीकै दोहन गर्नतिर लाग्नु नै हो भन्नेमा सायदै विवाद होला ।

प्रदेशसभा नयाँ भएकाले तुलना गर्ने धरातल छैन भन्ने पनि तर्क हुन सक्ला, किनकि यो हाम्रो वर्तमान राजनीतिक इतिहासमै पहिलो प्रयास हो ।

तर, संघीय संसद्को नाम मात्र फरक हो, मूल रूपमा काम नीतिनिर्माण नै हो भने, प्रादेशिक संरचनालाई केन्द्रको छायाका रूपमा हेर्नु र संघले भनेको मान्ने शाखाको व्यवहार गर्नु पनि प्रदेशसभाको भूमिकाका बारेमा थप अन्योल भएको कुरा स्वयं प्रदेशसभा सदस्यहरू नै स्विकार्छन् ।

यस्ता तमाम विषय छन् जसको समीक्षा क्रमशः हुँदै जाला; यहाँ उठाउन खोजेको विषयचाहिँ चर्चाको शिखरमा जहिल्यै रहने, चर्चा बढी तर व्यवहारमा क्रमशः प्रतीकात्मक प्रतिनिधित्वतिरै फर्किने लयमा रहेको लैंगिक समावेशिताको सन्दर्भ हो ।

यस आलेखमा लैंगिक समावेशिताको मर्म आफ्नो शक्ति सन्तुलनलाई धक्का नपुऱ्याउने गरी चलाखीपूर्ण तरिकाले सम्बोधन गरिने परिवारीकरण र गुट-उपगुट निर्माणोन्मुख गणितीय प्रतिनिधित्वको होइन, वर्तमान सामाजिक संरचनामा झाँगिएको असमान शक्ति सन्तुलनलाई रणनीतिक रूपमै सम्बोधन गरी समाजका विभेदी छिद्रहरूलाई क्रमशः साँघुरो पार्दै जानेतर्फ लक्षित अर्थपूर्ण प्रतिनिधित्वको चर्चा गर्न प्रयास गरिएको हो ।

उसो त यो लैंगिक असंवेदनशीलता हामीले मसिनो गरी केलायौं भने हाम्रो राजनीतिक फाँटको मात्र होइन, अन्य क्षेत्रको हालत करिबकरिब उस्तै देखिन्छ । यहाँ चर्चा राजनीतिक फाँटमै केन्द्रित गर्न खोजिएको छ ।

करिब दुई वर्षअगाडि त्रिवि मानवशास्त्र विभागले प्रकाशित गरेको एउटा महत्त्वपूर्ण अनुसन्धानले भनेझैं, अर्थपूर्ण लैंगिक समावेशिताका बारेमा संविधानमा जतिसुकै प्रावधान तय गरिएका भए पनि तीबारे न आम महिला सचेत छन् न त उनीहरूलाई सचेत पार्न तीसम्बद्ध राजनीतिक पार्टीहरू र समूहगत जनसंगठन नै सजग छन् ।

यो अनुसन्धानात्मक निष्कर्ष आफैंमा चिन्ता र चासोको विषय त हो नै, त्योभन्दा पनि महत्त्वपूर्ण प्रश्न के हो भने, त्यति बेला यी प्रावधानहरू तय गर्दा नेपाली समाजका विविध चरित्र र तीसँग जेलिएका मसिना विभेदहरूलाई हाम्रा नेतृत्वदायी पार्टीहरूका परम्परागत नेतृत्वले व्यावहारिक रूपमै गहिरो गरी मनन गरेका थिए त ?

उता दशकौं निष्ठाको राजनीति गरेर पार्टी हुर्काएका र आज पनि गुटलाई भन्दा परिवर्तनमुखी समग्र आन्दोलनलाई प्राथमिकता दिने प्रयासबाट नथाकेकासहित संसदीय फाँटका विभिन्न तहमा गुटभन्दा पार्टीको पीँधबाटै चुनौती चिर्दै निर्वाचित र मनोनीत महिला राजनीतिज्ञहरूका कुरा सुन्दा लाग्छ, राजनीतिक फाँटमा जति राजनीतिक रंग भरिएको लैंगिक हिंसा र महिलाको यौनिक पहिचानलाई राजनीतीकरण गर्नेजस्ता अपमानित व्यवहार अरू फाँटमा छैनन् ।

यो यथार्थतालाई पछिल्लो समय फाटफुट रूपमा भएका अनुसन्धानले पनि पुष्टि गरेका छन् । यो एउटा गहन प्राज्ञिक अनुसन्धानको विषय हो तर गुटका धरातलमा उभिएका हाम्रा प्राज्ञिक र नीतिगत अनुसन्धान गर्ने भनिएका निकायहरू यस्ता काममा लाग्न भ्याउन्नन् ।

निष्ठाको राजनीतिक जीवन जिउने महिलाहरूको भोगाइ ती अनुसन्धानभन्दा कैयौं गुणा गहिरा छन् ।

राजनीतिक बजारमा मौसमी फेसनजस्तो भएर झुल्कने, सीमान्तीकृतका लागि सृजना गरिएका प्रावधानहरूलाई व्यक्तिगत लाभका खातिर जहिल्यै किन्न सक्ने वर्गीय हैसियत राख्ने र राज्यलाई दोहन गरी राजनीतिक बजारबाट एकाएक हराउने हिजोका सामन्ती र आजका पुँजीवादी दुवैतर्फका कुलीन महिलाहरूले यो गहिराइ बुझ्न सक्ने त कुरै भएन ।

अनि मूल नेतृत्वको परिक्रमा गरी चाकडीको धूपबत्तीद्वारा पार्टी संगठनलाई नै कमजोर पार्ने र भोलि मै हुँ सब थोक भनी गिजोल्नेहरूले पनि बुझ्ने कुरा भएन । यो चाकडीको तप्का निष्ठाको राजनीति गर्ने अग्रज र सहकर्मी महिलालाई मनोवैज्ञानिक हिंसा गर्नमै रमाउने गरेका उदाहरणहरू पनि नभएका कहाँ हुन् र ?

थुप्रै दृष्टान्त छन् र यहाँ तिनको विस्तृत विवरण सम्भव नहोला तर निष्ठाको राजनीति गर्दा पार्टी जोगाउनका खातिर परिवारसमेत गुमाएका महिलाहरू अझै पनि नेपालका वामपन्थी पार्टी र कांग्रेसभित्र निकै छन् र अझै पनि तिनका पार्टीहरूभित्र झाँगिएको राजनीतिक प्रदूषण हटाउने प्रयासमा थाकेका छैनन् ।

तर, त्यस्ता जोदाहा महिला नेताहरूलाई गुटगत संस्कृतिले हुर्काइएका र समावेशिताको भऱ्याङमार्फत मूल नेतृत्ववरिपरि घुम्ने युवा भनिएका र आफूलाई नेतृत्वको उत्तराधिकारी ठान्ने कार्यकर्ताले किनारातिर हुत्त्याउँदा कति मनोवैज्ञानिक पीडा हुन्छ होला, अनुमान

बाँकी तेश्रो पृष्ठमा

# अबको विकासका प्राथमिकता

सुमना श्रेष्ठ

सातदलीय समर्थनको सरकार बन्नासाथ मलाई एउटा कुराले बारम्बार सोचमग्न बनाइरहेको छ । त्यो के भने, म आफैं सहभागी नयाँ संसद् र मेरो दलसमेत सामेल वर्तमान सरकारसँग नागरिकका आशा र आकांक्षा उच्च छन्। तर जीवनको क्षणभंगुरता सम्झँदा सीमित स्रोत र समयभित्र पूरा गर्नुपर्ने जनआकांक्षा र चुनावी घोषणापत्रका प्रतिबद्धता दुवै असीमित लाग्दा रहेछन्। किनभने हामी सबैको मृत्यु निश्चित छ र काम गर्ने समय एकदम सीमित छ ।

यो पृष्ठभूमिमा संसद् र सरकार दुवै भूमिकामा रहने हामीमध्येका जोकसैले उच्च जनअपेक्षालाई सम्बोधन गर्न सीमित स्रोत र समयलाई अधिकतम प्रतिफल दिने गरी उपयोग नगरी सुखै छैन ।

विश्वसमुदाय विज्ञान र प्रविधिमा फड्को मार्दै तीव्र गतिमा अघि बढिरहेको छ, 'ग्लोबल साउथ' भनिने नेपालजस्ता केही मुलुक भने विकासको मामिलामा दशकौं पछि छन्। समाजशास्त्री डोरबहादुर विष्टले ३२ वर्षअघि भनेजस्तो, नेपालको विकासमा अझै पनि भाग्यवाद र चाकरीवाद बाधक देखिँदै आएको छ । यो भाग्यवादलाई परास्त गर्दै हामीले दक्ष जनशक्ति उत्पादनलाई प्राथमिकतामा राख्नुपर्छ । नत्र विकासको द्रुत गति भेट्ने हाम्रो लक्ष्य केवल दिवास्वप्न हुनेछ ।

सर्वप्रथम, नेपालको विकासको ढाँचा कस्तो हुने भन्नेबारे बहस आवश्यक छ । १२३ भाषा र १२६ जातजातिले भरिएको राष्ट्रमा नागरिकका विकास अवधारणा विविध छन्। भौतिक पूर्वाधार र आर्थिक सूचकांकसँगै शिक्षा, स्वास्थ्य र राज्यका अन्य स्रोतमा पहुँच लगायतका सामाजिक र वर्गीय विकास पनि महत्त्वपूर्ण छन्। विकासको कुनै एउटा दृष्टिकोण वा पद्धतिले मात्र काम नगर्न सक्छ । उदाहरणका लागि, नेपालका ठूला सहरहरूमा फुटपाथमा व्यापार गर्ने मानिसहरू र स्थानीय सरकारबीच घम्साघम्सी देखिइरहेको छ जुन विकासको पद्धतिमा समान धारणा नहुनुको परिणाम हो । न्युयोर्क वा सिंगापुरजस्ता अति विकसित सहर वा राष्ट्रको जस्तो विकास गर्ने हो भने यस्तो मोडल पछ्याउन उद्यत हाम्रा सहरहरू मृतप्रायः भइजान्छन्। किनभने हरेक सहरको आफ्नै विशिष्ट विशेषता हुन्छ ।

हाम्रोजस्तो विकासशील मुलुकका सम्भ्रान्त तथा कतिपय मध्यम वर्गका नागरिकहरूले अमेरिका वा युरोपका विकसित सहरमा सुविधापूर्ण जीवन जिउने सपना देख्छन्। त्यसरी नै नेपालको पनि प्रत्येक सहरले जुनसुकै सपना बोकेर उन्नति गर्ने अवसरको खोजीमा आउने जहाँसुकैका मानिसलाई पनि ठाउँ दिनुपर्छ। अन्यथा यहाँका गाउँ-सहरहरूबाट उत्तम अवसरको खोजीमा युरोप-अमेरिकामा पुगेर स्थापित हुने प्रयत्न गरिरहेका तमाम नेपाली दाजुभाइ तथा दिदीबहिनी पनि त्यसरी नै विस्थापित हुनलायक ठानिन सक्छन् भन्ने हामी कसैले पनि बिर्सनु हुँदैन ।

हाम्रा महानगर, उपमहानगर र नगरका आम बासिन्दामध्ये कोहीलाई सजिलो बनाउनकै लागि अरू कतिपयलाई दुःख दिएर नयाँ वर्गहरू सृजना गर्दै जाने हो भने समता र समानतामा आधारित समृद्ध समाजको परिकल्पना साकार हुनु त कता हो कता, त्यसका लागि बन्दै गरेको जग पनि गर्ल्यामगुर्लुम हुने खतरा धेरै टाढा छैन । त्यस्तो नीति र व्यवहारले मानिस-मानिसबीच विद्यमान विभेदको खाडल पुर्नुको सट्टा झन्झन् गहिरो र फराकिलो बनाउँदै लैजान्छ ।

हाम्र सहरहरूमा श्रमजीवी वर्ग र राज्यबीच देखिएको टकरावको जुन समस्या छ, त्यसको समाधान बहुपक्षीय विश्लेषणबाट मात्रै सम्भव छ । राज्यपक्षले एउटा नियम बनाएर लाद्दैमा विकासको एक मात्र उपाय त्यही हो भन्ने हुँदैन । त्यसले त अझ विद्रोह निम्त्याउँछ । यो विषय समुन्नत नेपालको भविष्य कोर्नका लागि एउटा सान्दर्भिक दृष्टान्त भएकाले यहाँ उल्लेख गरिएको हो ।

यो पंक्तिकार मासाचुसट्स इन्स्टिच्युट अफ टेक्नोलोजी (एमआईटी) मा अध्ययनरत रहँदा त्यहाँका प्राध्यापकले विकासका तीन प्रमुख आधारहरू उत्पादनका साधन, प्रविधि र समन्वयकारी पात्रको महत्त्वबारे कुरा गर्थे । यीमध्ये समन्वयकारी पात्रको भूमिका राजनीतिक नेतृत्वले निर्वाह गर्नुपर्छ । नेपालमा उत्पादनका लागि आवश्यक स्रोत र कच्चा पदार्थ प्रशस्त मात्रामा पाइन्छन्। प्रविधि पनि सीमित मात्रामा आयात गरिएकै छ । विकासको सामूहिक सपनालाई जागृत तुल्याउन र त्यसमा काम गर्न जादूको छडी आवश्यक छैन । यसका लागि गतिशील र सामयिक नेतृत्वको भूमिका महत्त्वपूर्ण हुन्छ, जसले विकासका विविध सपनालाई एउटा धागोमा उन्न सकोस् र प्रगतिको बिगुल फुक्न सकोस् ।

यहाँनेर नेतृत्व भन्नाले कुनै एउटा व्यक्तिलाई इंगित गरिएको होइन । व्यक्ति त, यस आलेखको सुरुमै भनिएजस्तो, सीमित समयका लागि आएको हुन्छ । राष्ट्रको ऐतिहासिक विकासक्रम हेर्दा एउटा व्यक्तिको भूमिका गौण देखिन्छ । तर त्यस राष्ट्रको नेतृत्वको प्रणाली र पद्धति निर्माण गर्ने प्रक्रियामा राजनीतिक नेताहरूको सामूहिक पहल आवश्यक हुन्छ ।

निर्वाचन सकिएर प्रतिनिधिसभा गठन

बाँकी तेश्रो पृष्ठमा

# टेस्ला : ओझेलमा परेका वैज्ञानिक योगी

बासु गौतम

टेस्ला आफ्नो समयका वैज्ञानिक र आविष्कारक मात्र थिएनन्। विज्ञान क्षेत्रमा सम्मानका साथ '२०औं शताब्दीका आविष्कारक' भनेर उपमा पाएका व्यक्ति पनि थिए।

प्रविधि र बदलिँदो विश्वबारे चासो राख्ने धेरैले टेस्ला कम्पनी र टेस्लाका संस्थापक इलोन मस्कको नाम सुनेका छन्। पेट्रोल र डिजेलजस्ता जीवाश्म इन्धनको पृथ्वीमा सीमितता छ। तर यस्को अत्यधिक प्रयोग छ। त्यसले निम्त्याएको पर्यावरण विनाश र जलवायु परिवर्तन हामीले भोगिरहेछौं। यसरी मानव जातिको अस्तित्व नै जोखिममा पार्न सक्ने नयाँ चुनौतीहरू थपिएका छन्।

यी यथार्थ मनन् गर्दै सामाजिक दायित्व र नाफा सँगसँगै लिएर जाने सोचसहित केही वर्षयता विश्वभर नयाँ उद्योगहरू खुले र खुल्ने क्रम जारी छन्। वातावरण चेतनालाई मनन् गर्दै खुलेका उद्योगमध्ये टेस्ला सवारी वाहन उद्योग एक हो।

अमेरिकाको क्यालिफोर्निया राज्यमा रहेको टेस्लाले उत्पादन गर्ने विद्युतीय गाडीको माग विश्वव्यापी रूपमा बढ्ने क्रममा छ। विद्युतीय गाडीमध्ये टेस्लाको नाम अग्रणी रूपमा आउँछ।

कोभिड महामारीका बाबजुद सन् २020 मा मात्रै संसारभर करिब पाँच लाख टेस्ला गाडी बिक्री भए। विगतका वर्षहरूमा अप्रत्याशित रूपमा बढेको विद्युतीय सवारीसाधनको प्रयोग हेर्दा टेस्लाले उत्पादन गरेको मोडेल-३ हालसम्मकै बढी बिक्री भएको प्लग-इन् विद्युतीय साधनमा पर्छ। टेस्ला नाम आफैंमा भने कुनै समयका प्रतिभाशाली आविष्कारक प्रख्यात वैज्ञानिक निकोला टेस्लालाई समर्पित गरेर नामकरण गरिएको हो। टेस्ला गाडीको नाम सुनेका धेरैले निकोला टेस्लाको नाम नसुनेको पनि हुन सक्छन्।

निकोला टेस्लाका बारेमा अर्का प्रख्यात वैज्ञानिक अल्बर्ट आइन्स्टाइनसित जोडिएको रमाइलो भनाइ छ। एकपटक आइन्स्टाइनलाई कसैले सोधेछन्, 'संसारको सबैभन्दा बुद्धिमान मानिस हुनुलाई तपाईं कसरी लिनु हुन्छ ?' उनले तत्काल जवाफ दिएछन्, 'मलाई थाहा छैन, तपाईंले त्यो निकोला टेस्लालाई सोध्नुपर्छ।

' सन् १८५६ मा सर्बिया भन्ने युरोपेली देशमा जन्मिएका अमेरिकी-सर्बियन भौतिकशास्त्री, इलेक्ट्रिक इन्जिनियर तथा वैज्ञानिक हुन्, निकोला टेस्ला। जसको जीवनको उत्तरार्द्ध भने न्युयोर्क सहरको एउटा सानो होटल कक्षमा अत्यन्तै दुःखदायी र बिखर्ची भएर बित्यो।

यसरी टेस्ला फुर्सदमा होटल नजिकैको पार्कमा मनपर्ने परेवाहरूसित बिताउँथे। रातमा जटिल गणितीय समीकरण र वैज्ञानिक समस्याहरूमा घोत्लिन्थे। सन् १९४३ मा देहत्याग गरेका टेस्लाको कल्पनाशक्तिमा आधारित वैज्ञानिक रचना र आविष्कारहरूले उनको मृत्युपछि दशकौंसम्म पनि वैज्ञानिकहरू र विद्वानहरूलाई अचम्मित तुल्याउथ्यों। सानै उमेरदेखि आफ्नो विलक्षण प्रतिभाहरूले आफू वरपरका मानिसलाई अचम्मित तुल्याउने असाधारण क्षमताका व्यक्ति थिए, टेस्ला। उनले कलिलै उमेरमा मोटा पुस्तकहरू कण्ठस्थ गर्थे।

दिमागमा जटिल गणितीय तालिकाहरू भण्डार गर्न सक्थे। विद्युतीय युगको वास्तविक पिता भनेर पनि चिनिने टेस्लाले विद्युतीय ऊर्जाको उत्पादन, प्रसारण र प्रयोगमा दर्जनौं सफलता हासिल गरे।

टेस्लाले पहिलो वैकल्पिक वर्तमान (एसी) मोटर आविष्कार गरे। एसी उत्पादन र प्रसारण टेक्नोलोजी विकास गरे। आफ्नो समयमा उनी प्रसिद्ध र वैज्ञानिक समुदायमा टेस्ला सम्मानित थिए। तर विडम्बना उनले आफ्नो कालजयी आविष्कारहरूलाई दीर्घकालीन निजी आर्थिक सफलतामा कहिल्यै परिणत गर्न सकेनन्।

आध्यात्मिक स्वभावका टेस्ला भने मनको प्रभुत्व, योग र प्रकृतिको शक्तिको उपयोग गर्थे। यसरी उनी संसारलाई पूर्ण रूपले परिवर्तन गर्न सकिन्छ भन्ने मान्यतामा विश्वास गर्थे।

निकोला टेस्लाको जीवन र विज्ञानको क्षेत्रमा उनले गरेको योगदानका बारेमा चर्चा गरिरहँदा अर्का प्रसिद्ध आविष्कारक थोमस अल्वा एडिसन र टेस्लाको सम्बन्धका बारेमा प्रकाश पार्नु आवश्यक छ। टेस्ला सन् १८८२ मा फ्रान्स पुगे।

उनले पेरिसस्थित कन्टिनेन्टल एडिसन कम्पनीमा दुई वर्ष काम गरे। सन् १८८४ मा सोही कम्पनीमा काम गर्न आप्रवासीका रूपमा उनी अमेरिकाको न्युयोर्क पुगे। प्रसिद्ध अमेरिकी आविष्कारक र व्यापारी थोमस अल्भा एडिसनको न्युयोर्कस्थित मुख्यालयमा इन्जिनियरको रूपमा काम सगरेका टेस्लाको लगनशीलता र विलक्षण प्रतिभाले एडिसनलाई प्रभावित तत्काले प्रभावित पाऱ्यो। विज्ञानको क्षेत्रमा एडिसनलाई बिजुली उत्पादन, सामूहिक सञ्चार, ध्वनि रेकर्डिङ र चलचित्रजस्ता क्षेत्रमा धेरै उपकरण आविष्कारकका रूपमा चिनिन्छन्।

विश्वप्रसिद्ध अमेरिकी आविष्कारकसँग उनको प्रयोगशालामा नजिकमा रहेर काम गर्ने अवसर प्राप्त गरेका टेस्लाले छोटो समयमै एडिसनका उपकरणहरूमा सुधार र नयाँ डिजाइनहरू गरे। तर उनले आफ्ना ठूला महत्त्वाकांक्षाहरू प्राप्त गर्न असमर्थ भएपछि बाहिरिए। एडिसनसँग छुट्टिएपछि टेस्लाले टेस्ला इलेक्ट्रिक लाइट कम्पनीका लागि स्रोत प्राप्त गर्न सफल भए। युरोपेली मूलका टेस्ला र अमेरिकी एडिसन दुवै भौतिक शास्त्र, विद्युतीय ऊर्जा, विद्युतीय प्रवाहजस्ता प्रविधिमा रुचि राख्ने र यी क्षेत्रहरूमा योगदान पुऱ्याइसकेका समकालीन आविष्कारकहरू थिए। टेस्लाले सन्

बाँकी तेश्रो पृष्ठमा

## टेस्ला......

१८८२ मै वैकल्पिक विद्युतीय प्रवाह ( अल्टरनेटिभ करेन्ट-एसी) को अवधारणा अघि सारिसकेका सकेका थिए।

थोमस एडिसनले आविष्कार गरेको बिजुली बत्ती टेस्लाको एसी अर्थात् वैकल्पिक विद्युतीय प्रवाहबिना सम्भव हुँदैनथियो। एडिसनको मुख्यालयमा काम गर्दा टेस्लाले अघि सारेको वैकल्पिक विद्युतको विचारलाई एडिसनले अस्वीकार गरे। तर पनि टेस्ला आफ्नो विद्युतीय अवधारणाको पछि एक्लै लागिरहे।

प्रचार र ब्रान्डिङको अमेरिकी मनोविज्ञानलाई राम्ररी बुझेका थोमस अल्वा एडिसन र जिज्ञासु र अनौठो स्वभावका निकोला टेस्ला दुई विपरीत धुवका व्यक्तित्व थिए। त्यसै कारणले यी दुवै अत्यन्तै छोटो समयमै आआफ्नो बाटो लागे ।

टेस्लाको सबैभन्दा महत्त्वपूर्ण विद्युतीय योगदान, वैकल्पिक (एसी करेन्ट) र एडिसनको पावर प्लान्टहरूमा प्रयोग हुने प्रत्यक्ष विद्युतीय प्रवाह (डीसी करेन्ट) आफैंमा प्रतिस्पर्धी थिए।

एडिसनले आविष्कार गरेको इलेक्ट्रिक लाइट बल्बको संसारलाई परिवर्तन गर्‍यो। आधुनिक संसार प्रकाशमय भएको कुरा पक्कै पनि हो। लाइट बल्बबाहेक एडिसनले आधुनिक समयको मानव अस्तित्वलाई रूपान्तरण गर्ने फोनोग्राफ, टेलिग्राफ, दूरसञ्चार र चलचित्रको सुधारमा योगदान पुर्‍याए। सन् १८७२ मा एडिसनले प्रतिलिपि अधिकार (पेटेन्ट) प्राप्त गरेको विद्युतीय प्रिन्टिङ मेसिनले सहज रूपमा काम गर्न सकिने टाइपराइटरको निर्माणमा सहयोग पुर्‍यायो। सबैले प्रयोग गर्ने अहिलेको कम्प्युटर किबोर्डहरूको आधार बन्यो।

जुन दिन विज्ञानले गैर-भौतिक घटनाहरूको अध्ययन गर्न थाल्छ, विज्ञानले विगतका शताब्दीहरूको तुलनामा एक दशकमै बढी प्रगति गर्छ। टेस्ला र एडिसनबीच व्यक्तित्व टकरावको मुख्य उनीहरूबीचको फरक सैद्धान्तिक मान्यताहरू थिए।

आफू र आफ्ना आविष्कारहरूको व्यापक प्रचार र ब्रान्डिङमा केन्द्रित एडिसन आर्थिक सफलता हासिल गर्न समर्थ भए। उता टेस्ला भने व्यावसायिकता र आर्थिक पाटोमा निकै कमजोर साबित भए। आत्मप्रचार र प्रायः अरूको कामको पनि आफैं श्रेय लिने प्रकृतिका एडिसन दृढ निश्चयी स्वभावका थिए ।

जसले उनलाई प्रख्यात आविष्कारक मात्र होइन, एक सफल व्यवसायीका रूपमा दुनियाँले चिन्यो।

उता आध्यात्मिक स्वभावका टेस्ला भने मनको प्रभुत्व, योग र प्रकृतिको शक्तिको उपयोग गर्थे। यसरी उनी संसारलाई पूर्ण रूपले परिवर्तन गर्न सकिन्छ भन्ने मान्यतामा विश्वास गर्थे ।

टेस्ला आफ्नो समयका वैज्ञानिक र आविष्कारक मात्र थिएनन्। विज्ञान क्षेत्रको कतिपयले सम्मानका साथ २०औं शताब्दीको आविष्कारक भनेर उपमा पाएका थिए। उनी पृथ्वी र वायुबाट ऊर्जा कसरी प्रयोग गर्न सकिन्छ भनेर खोज र अनुसन्धानमा लागि परेका नवीकरणीय स्रोतहरूको महत्त्व बुझेका पर्यावरणविद् पनि थिए।

एडिसनजस्तो आर्थिक लाभहरूभन्दा पनि उनी मानव जातिलाई गुणस्तरीय जीवन दिन के गर्न सकिन्छ भनेर अवसरको खोजी गरिरहन्थे। मानवतावादी वैज्ञानिक टेस्लाको कमजोर आर्थिक पक्षका कारणले नै उनले कल्पना गरेका कतिपय महत्त्वाकांक्षी योजना सफल हुन पाएनन् ।

टेस्लाको आध्यात्मिक झुकाव पाइन्छ। विज्ञान र आध्यात्मको क्षेत्रमा निकोला टेस्लाको यो भनाइ खुब प्रचलित छ, 'जुन दिन विज्ञानले गैर-भौतिक घटनाहरूको अध्ययन गर्न थाल्छ, विज्ञानले विगतका शताब्दीहरूको तुलनामा एक दशकमै बढी प्रगति गर्छ।' इजिएल बुद्धको जीवनमा आधारित फ्रान्सीकृत संस्करण हो, जहाँ सारा बर्नहार्टको मुख्य भूमिका रहेको छ। इजिएलमा बर्नहार्टले इजिएलको पात्रमा अभिनय गरेकी थिइन्। बोधी रूखमुनि ध्यानमग्न बुद्धलाई इजिएल प्रलोभनमा पार्न चाहन्छिन्। तर आफ्नो काखमा रहेकी इजिएललाई बुद्ध यो संसारिक कामुकताको व्यर्थ हो भन्दै उम्किन्छन् र इजिएल अन्ततः बुद्धसामु हार्छिन्।

इजिएल नाटकपछि साँझको यो भेटघाट आआफ्नो क्षेत्रका यी दुई दिग्गज टेस्ला र विवेकानन्दबीचको भेट बैठक दुवैका लागि चाखलाग्दो वार्तालाप मुख्य रूपमा ऊर्जाको विषयमा केन्द्रित रह्यो।

विज्ञान र दर्शनका विभिन्न आयामबारे वैज्ञानिक र योगीले प्राण (महत्त्वपूर्ण ऊर्जा), ईथर वा पदार्थ र कल्प र वेदान्त सिद्धान्तको तीन प्राथमिक अवधारणाबारे छलफल गरे। १८९६ फेब्रुअरी १३ मा विवेकानन्दले टेस्लासित बैठकको बारेमा भएको कुरा पत्रमा लेखेका छन्।

जुन यस्तो छ : निकोला टेस्लाले वेदान्तिक प्राण, आकाश र कल्पका विषयमा गहिरो रुचिका साथ सुन्न मन पराउँथे। १८९३ मा संयुक्त राज्य अमेरिकाको शिकागोमा आयोजित 'वर्ल्ड पार्लियामेन्ट अफ रिलिजन्स' विश्व धर्म संसदमा हिन्दू धर्मको प्रतिनिधित्व गर्नेको रूपमा पुगेका स्वामी विवेकानन्दले शिकागोको मर्मस्पर्शी प्रस्तुति गरेपछि धेरै पश्चिमाको मन जितिसकेका थिए। टेस्लाले पूर्वीय आध्यात्म र पूर्वीय दर्शनलाई आफ्नो मार्गदर्शन मानेका थिए ।- निकोला टेस्ला! **साभार अन्नपूर्णपोष्ट्**

## अबको....

भइसकेको छ र अब चुनावी भाषणको धङधडीबाट माथि उठ्ने बेला भएको छ। सतही घोषणा र प्रतिबद्धतामा सीमित नरही वस्तुगत परिणामका लागि राजनीतिक नेतृत्वले हस्तक्षेपकारी भूमिका निर्वाह गर्नुपर्छ । त्यस्तो जिम्मेवारी खोजिरहेको अर्को क्षेत्र शिक्षा हो जसले विकासको जग बसाउँछ। शिक्षाको परिणाममुखी विकासका बारेमा बहस गर्दा पूर्वप्राथमिक शिक्षाका निम्ति गाउँगाउँमा स्थापना भएका बाल विकास केन्द्रहरूसम्म पुग्नुपर्छ ।

निजी विद्यालयहरूले कम्तीमा तीन वर्षको पूर्वप्राथमिक कक्षा सञ्चालन गरिरहँदा सरकारी विद्यालयका विद्यार्थी एक वर्ष मात्रैको बाल विकास केन्द्रमा पढ्न किन बाध्य छन् ? राजनीतिक नेतृत्वले यो असमानताको खाडल बढ्दै जान दिने कि यसलाई सदाका लागि पुर्न हस्तक्षेप गर्ने ? सरकारी तथ्यांक अनुसार, प्राथमिक र आधारभूत तहमा क्रमशः ९६.९ र ९२.७ प्रतिशत रहेको खुद भर्नादर माध्यमिक तहमा आइपुग्दा घटेर ४६.४ प्रतिशतमा पुगेको छ । स्नातक तहसम्म आइपुग्दा यो संख्या अझ घट्छ ।

शिक्षालाई भर्नाको अंकमा मात्र नहेरेर त्यसको प्रतिफलमा पनि मूल्यांकन गर्नुपर्छ । स्नातक तह उत्तीर्ण गर्ने विद्यार्थीहरूमध्ये क-कसले कुनकुन विषय पढ्छन् ? तत्तत् विषयहरूमा सुधारको अवस्था कस्तो छ ? रोजगारी प्राप्त गर्न त्यो शिक्षा पर्याप्त छ कि छैन ? शिक्षाका नाममा केवल प्रमाणपत्र मात्र वितरण भइरहेको छ कि सीप र ज्ञान पनि हस्तान्तरण भइरहेको छ ? यी प्रश्नहरूको उत्तर खोजेपछि मात्र आगामी कार्यदिशा निर्माण गर्ने तहमा पुग्न सकिन्छ ।

यस्तो परिवेशमा संसदले नयाँ कानुन र सरकारले नयाँ नीतिहरू बनाउँदै गर्दा सतही लोकप्रिय नारामा मात्र सीमित नभई त्यसअघि विस्तृत र गहन अध्ययन गरिनुपर्छ ।

पर्याप्त स्रोत, जनशक्ति र प्रविधि अभावको बहाना बनाइरहने छुट अबको नेतृत्वलाई छैन । नेपालबाट टाढा नगईकन छिमेकी भारतकै उदाहरण हेरेर पनि शिक्षा र रोजगारीको अवसरमा समानुपात कायम गर्न सकिन्छ । जस्तो कि, सूचना प्रविधिको औद्योगिकीकरणमा सन् १९९८ देखि सुरु भएको 'बैङ्लोर बुम' बाट प्रेरित भएर निजी क्षेत्रसँग नेपाल सरकारले सहकार्य गर्नुपर्छ । नेपालको निजी क्षेत्र परिपक्व हुने बाटामा छ भन्दै गर्दा परिपक्व भइसकेको भारतको निजी क्षेत्रसँग सहकार्य किन नगर्ने ?

शिक्षा र रोजगारीबीच सामञ्जस्य कायम गर्नका निम्ति शिक्षामा राज्यको लगानी केवल लगानीका निम्ति नभई त्यो अर्थपूर्ण र प्रतिफल दिने किसिमको हुनुपर्छ । राज्यले सैद्धान्तिक मात्र नभई व्यावहारिक शिक्षामा समेत जोड दिनुपर्छ । उदाहरणका लागि, कम्प्युटर प्रविधिका निम्ति आवश्यक जनशक्ति उत्पादन गर्न अनौपचारिक शिक्षा/तालिमका रूपमा बुट क्याम्पहरू आयोजना गर्ने र तिनबाट उत्पादित जनशक्तिलाई दक्षको मान्यता दिएर विकासको आधारका रूपमा सदुपयोग गर्न सकिन्छ ।

विकास र राजनीतिक नेतृत्वको कुरा गरिरहँदा निष्पक्ष मिडिया र सचेत नागरिकको भूमिका पनि बिर्सनु हुँदैन । मिडियालाई राज्यको चौथो अंग भनिन्छ । सञ्चारमाध्यमको भूमिका राजनीतिक पृष्ठभूमिका समाचारसँगसँगै जनजीविकाका सवाल अथवा विकासको बहुपक्षीय चरित्रसम्बन्धी बहसमा केन्द्रित हुनुपर्छ ।

साथै, नागरिक तहमा पनि जागरुकता र सचेतता आवश्यक छ । कसको अजेन्डा के हो ? त्यो अजेन्डा पूरा गर्ने मार्गचित्र के हो ? आर्थिक स्रोत र खर्चमा कत्तिको पारदर्शिता छ ? यस्ता विषयमा नागरिकको जागरुकता र क्रियाशीलता जरुरी हुन्छ । किनभने हरेक आवधिक निर्वाचनमा मतदान गर्ने जिम्मेवारीका अतिरिक्त ती निर्वाचनबीच समेत नागरिकले पहरेदारको भूमिका निभाउनुपर्छ । अन्यथा राज्य प्रशासनसँग सम्बन्धित सार्वजनिक महत्त्वका विषयमा नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित हुन सक्दैन ।

अन्त्यमा, नेपाली राजनीतिको पछिल्लो विकासक्रममा छुटाउन नहुने विषय 'वैकल्पिक राजनीति' को उदय हो । 'वैकल्पिक राजनीति' शब्दावली आफैंले कति फरकफरक कुरा जनाउँछ, त्यो व्यक्तिगत धारणामा भर पर्न सक्छ । व्यवस्था ठीक भए सबै ठीक हुन्छ भन्ने भाष्य निर्माण गरेर अमुक राजनीतिक दल वा शक्तिले सबै समस्याको समाधान गर्छ भन्नुचाहिँ वैकल्पिक राजनीति होइन । किनभने समाजलाई क्षणभरमा परिवर्तन गर्नका लागि कुनै खास जादूको छडी अस्तित्वमा छैन । वैकल्पिक राजनीतिसँग पनि त्यस्तो ब्रह्मास्त्र हुने कुरै भएन ।

वास्तवमा वैकल्पिक राजनीति त नागरिकको तहमा देखिनुपर्छ । त्यसका लागि हरेक नागरिकले आफ्नो व्यक्तिगत, व्यावसायिक, पेसागत जीवनबाट एकै छिनका निम्ति भए पनि समय निकालेर सचेत नागरिकका रूपमा राजनीतिक मुद्दा र विकासका बहसमा सक्रिय सहभागिता जनाउनु जरुरी छ । नागरिकको सबैभन्दा ठूलो शक्ति सायद आवधिक निर्वाचनमा दिने मत हो र त्यसपछिको शक्तिशाली अस्त्र उनीहरूको सशक्त आवाज हो । जिम्मेवार नागरिकको त्यही सदाबहार शंखघोषलाई वैकल्पिक राजनीतिका रूपमा बुझेर तदनुरूपको आचरणमा निष्ठापूर्वक क्रियाशील रहन सक्यौं भने नयाँ संसद् र सरकारका माध्यमबाट नेपाललाई उकास्ने भूमिकामा हामी खरो उत्रिन सक्छौं ।

श्रेष्ठ राष्ट्रिय स्वतन्त्र पार्टीकी प्रतिनिधिसभा सदस्य हुन् ।साभार : कान्तिपुर

## लैंगिक....

मात्र गर्न सकौंला ।

राजनीतिक रूपमा गरिने मनोवैज्ञानिक हिंसाले गर्दा धेरै सम्भावना बोकेका थुप्रै महिला सक्रिय राजनीतिक फाँटबाट बाहिरिने क्रम इतिहास मात्र होइन, वर्तमान पनि हो ।

हामीसँग त्यस्ता महिलाहरूको संख्या निकै छ जो पार्टी राजनीतिको हिंसात्मक वातावरणबाट उम्केर समाजका विभिन्न विषयमा बौद्धिक दखल राख्ने भएका छन्, सामाजिक फाँटबाट आफ्नो दायित्व निर्वाह गर्छन् । यद्यपि सार्वजनिक पितृसत्ताको छायामा उनीहरूको योगदानलाई अवमूल्यन गर्ने प्रयास त्यहाँ पनि गरिन्छ । यो पनि छुट्टै बहसको विषय हो र हुनुपर्छ ।

लैंगिक समानताका नाराले सबैतिर प्रश्रय पाएको छ । साथै, समानताका नवउदारवादी दृष्टिकोणमा सबैभन्दा लैंगिकमैत्री राज्य संरचना भनेर विश्वरंगमञ्चमा भ्रम पनि पछिल्लो दशकमा निकै छरिएको छ । ती भ्रमसँग धेरैले लाभका पद पनि साटे ।

जे होस्, बेलायती समाजशास्त्री सिल्भिया वाल्बेले भनेझैं, महिलाका नाममा पुँजीवादी बजारले यौनिकताको व्यापार निकै गर्‍यो किनकि बजारलाई नवउदारवादसँग साझेदारी गरी आर्थिक नाफा जोड्नु छ ।

त्यसैले त लैंगिक समतामूलक समाज रूपान्तरणभन्दा पनि दलालीकरणतिर उन्मुख राजनीतिक बजारमा सैद्धान्तिक विचार र राजनीतिक संस्कार होइन, संख्यात्मक रूपमा मानिसका टाउकाको महत्त्व हुन्छ ।

अनि विचार बोकेर राजकीय संरचनामा प्रवेश गर्ने कुनाकाप्चाका प्रतिनिधिहरूलाई बजारिया तामझाम र कुलीन वर्गको भाषा-संस्कृतिसँग तालमेल नमिल्दा अक्षम, असचेत, निरक्षर, राम्ररी बोल्न नजान्ने, चप्पल लगाएका, माइकमा बोल्न नजान्ने भन्दै मनोवैज्ञानिक हिंसा गर्ने र निर्णय प्रक्रियाबाट टाढा कतै गैरराजनीतिक काम र क्षमता अभिवृद्धि तालिममा अलमल्याउने गरिन्छ ।

सम्भवतः यसै सन्दर्भलाई लक्षित गर्दै, समाजवादी महिलावादी लेखकहरू मारिया माई र स्टिभी ज्याक्सनहरूले पुँजीवादको गमलामा रोपिएको राजनीतिक प्रणालीले महिलाको विचार होइन, उसको यौनिकता र बाहिरी शृंगारको विज्ञापन गरेर बजार-नियन्त्रित आधुनिक लोकतान्त्रिक पितृसत्ताको स्वार्थ पूरा गर्छ भनी तर्क गरेको ।

त्यो स्वार्थ हो– पार्टी र राज्यसत्तामा आफ्नो वर्चस्व कायम राख्नु र त्यसका लागि भनेको मान्ने महिलाहरूलाई आफूले चाहेजसरी उपयोग गर्न सक्ने सर्तमा संख्यात्मक सहभागिताको रणनीति तय गर्नु ।

वाल्बेहरूले भनेझैं, नेपालसहित नवउदारवादले क्रमशः सेकिँदै गरेका अफ्रिका र एसियाका उत्तर-औपनिवेशिक मुलुकमा तिनका सामाजिक चरित्रका विभेदी छिद्रहरूलाई पुर्ने चेत भएका विभिन्न सांस्कृतिक समूहले चिनेका र त्यो विविधतालाई प्रतिनिधित्व गर्ने महिलाभन्दा बजारले चाहेका र उसको स्वार्थ अनुसार उपयोग भैदिने महिलाको महत्त्व बढी हुने गर्छ ।

हाम्रो राजनीतिक परिवर्तनसँगै साझेदारी गर्दै अगाडि बढेको महिला आन्दोलन आज यति शिथिल हुनुको एउटा कारण यही हो ।

नत्र शान्ति प्रक्रियाभन्दा अगाडिको महिला आन्दोलनको राप पछिल्लो दशकमा कहाँ सेलायो ? किन हाम्रा महिला संगठनहरू मुद्दाहरूबाट टाढा भेटिन्छन् ? किन तिनले आफ्नो राजनीतिक दर्शनद्वारा समाजको चरित्रनिर्मित विभेद सम्बोधन गर्ने लैंगिक संवेदनशील रणनीतिलाई निर्देश गर्न छाडे ?

के नेपाली समाजमा महिला मुक्तिका सबै मुद्दा सम्बोधन भैसकेको हो ? किन तिनले पार्टी राजनीति र संसदीय राजनीतिमा पार्टीको एउटा निश्चित वर्ग र संस्कृतिका हिमायतीले गर्ने गरेका पुरुषमैत्री निर्णयहरू चुपचाप स्विकार्छन् ? यस्तो होइन भने, भर्खरैका निर्वाचनहरूमा उम्मेदवार छनोट किन पुरुषमैत्री भयो ?

अहिले प्रदेशहरूमा संसदीय दलको नेता छान्ने बेलाका परिघटनाहरू नै ताजा उदाहरण हुन्, यो बुझ्नका लागि । निर्णय प्रक्रिया, त्यसमा संलग्न खेलाडीहरू र निर्णयहरूमा किन महिला नेताहरू देखिँदैनन् ?

पार्टीहरूका सचिवालय र दैनिक रूपमा गरिने छलफल, बहस र निर्णयमा पुग्ने प्रक्रियामा कहाँ छन् महिला नेताहरू ? यस्तो माहोल र संस्कारबाट कसरी लैंगिक समानताको संवैधानिक मर्मको सम्बोधन हुन्छ ? महिला आन्दोलन कमजोर भएको संकेत दिने यस्ता दृष्टान्त अनेकौं छन् । यसो भन्दा संविधानसभामा गराइएको लैंगिक प्रतिनिधित्व त राम्रै थियो भन्ने तर्क आउन सक्छ ।

हो, त्यति बेलाको परिवेश फरक थियो अनि पार्टीहरूलाई देखाउनु थियो र संविधान पारित गर्नु थियो । त्यो विशिष्ट परिवेशलाई अहिले संविधान लागू गर्ने र राज्यको नयाँ प्रणाली संस्थागत गर्ने परिस्थितिसँग एकै प्रकारले दाँज्न मिल्दैन ।

संविधान बनाउने बेला पार्टीहरूलाई संख्यात्मक रूपमै भए पनि प्रतिशत पुर्‍याउनुपर्ने बाध्यता थियो, तर अब त्यो बाध्यात्मक परिवेशबाट उनीहरू आफू उम्किसकेको ठान्छन् ।

किनकि, हाम्रा पार्टीहरू पुरुषहरूद्वारा नेतृत्व गरिएका मात्र होइनन्, निश्चित वर्ग र जातको पहिचान भएका र पुरुषमैत्री संस्कृतिमा हुर्काइएका, साँघुरो सोच भएका पुरुष-नियन्त्रित हुन् । त्यस्ता पुरुषहरू जो आफूलाई घरपरिवारको मात्र होइन, पार्टी संगठनको पनि मालिक ठान्छन् ।

एक त पार्टीका सबैजसो निर्णय गर्ने एउटा सानो गुट हुन्छ र त्यसमा महिलाहरू हुँदैनन्, अनि अलि फराकिलो कमिटीमा एक-दुई महिला भए पनि निर्णयमा उनीहरूको भूमिका हुन्न ।

निर्णयमा अर्थपूर्ण भूमिका हुनु र सानो गुटले गरेको निर्णयमा सही गर्न भौतिक-भावनात्मक सहमति-उपस्थिति जनाउनु फरक कुरा हुन् । पार्टीहरू लैंगिक रूपमा असंवेदनशील मात्र होइन, महिलाका लागि विषाक्त हुँदै जाँदै छन् ।

त्यसैले राजनीतिक हिंसा बढ्दो छ र सम्भावना भएका र खारिएका महिलाहरू विस्तारै टाढिँदै छन् । लैंगिक समावेशिताको सन्दर्भ खालि दस्तावेजमा कैद गरी व्यवहारमा चाहिँ प्रतीकात्मक प्रतिनिधित्व गर्न जबर्जस्ती टाउको गन्नुपर्ने ठाउँमा प्रयोग गरिने सन्दर्भले गलत संस्कृति संस्थागत हुने देखिन्छ ।

हामीले सह-अस्तित्वको कुरा गर्दा कागजमा समावेशिता र सहभागिताका दफाहरू घोकेर मात्र लैंगिक संवेदनशील समाजको खाका सुदृढ हुन्छ र ?साभार इकान्तिपुर

## बाल......

यादवले जानकारी दिए ।

तालिममा बाल अधिकार, शिक्षाको अधिकार, बाल अधिकारको वर्तमान अवस्था, बाल अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महासन्धि र कानुन, बाल अधिकारको ऐतिहासिक विकासक्रम, बालश्रम शोषण: कारण र परिणाम, बाल अधिकार चेतना समूहका काम कर्तव्य र विद्यालयमा रहेका समस्याहरूको पहिचान लगायतका विषयमा छलफल गरी तालिम दिइने आयोजक संस्था अध्यक्ष कृष्णा कुशवाहाले बताए ।

कार्यक्रममा वडा नं २ का वडा अध्यक्ष मुकुट चौहान , ३ का वडा अध्यक्ष संजय चौहान , ५ का वडा अध्यक्ष बलिराम प्रसाद चौरसिया , ब्रह्मस्थान नेराप्रावि प्रधानाध्यापक उमेश यादव , गाउँपालिका अध्यक्ष सुरेश मेहताका प्रतिनिधि सुनिल प्रसाद चौहान , प्रशिक्षक संदिप कुमार तिवारी , माधुरी महतो लगायत ३० जना बालबालिकाहरुको सहभागिता रहेको थियो।

## स्रोत नखुलेको ......

रकम बरामद गरी मोटरसाईकल सहित साहलाई नियन्त्रणमा लिई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बिरूद्धको कसूरमा थप अनुसन्धान तथा कारबाही भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

## प्रधानमन्त्री...

धुम्बाराहीस्थित निवास आइपुगेका प्रधानमन्त्री दाहाललाई विश्वासको मत दिने बताएको एक नेताले बताए ।

प्रधानमन्त्री दाहालले मंगलबार बिहान ११ बजे प्रतिनिधिसभामा विश्वासको मत लिँदैछन् । त्यसअघि उनी कांग्रेस सभापति देउवा निवास पुगेका हुन् । भेटमा कांग्रेसका नेताहरू पूर्णबहादुर खड्का र कृष्ण सिटौलासमेत सहभागी थिए । देउवाले व्यक्तिगत रूपमा विश्वासको मत दिने वचन दिए पनि पार्टीले भने आधिकारिक निर्णय गर्न बाँकी छ ।

मंगलबार बिहान बोलाइएको संसदीय दलको बैठकले विश्वासको मत दिने नदिनेबारे औपचारिक निर्णय लिनेछ । त्यसअघि कांग्रेसको पदाधिकारीको समेत बैठक बस्दैछ ।

कांग्रेसमा महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मालगायत भने पार्टी प्रतिपक्षमा बस्नुपर्ने पक्षमा छन् ।

महामन्त्री थापाले पुष्पकमल दाहाललाई विश्वासको मत नदिने बताउँदै आएका छन् । संसद्को दोस्रो, तेस्रो दललगायतका पार्टीहरूको गठबन्धनको सरकार बन्दा पहिलो दल कांग्रेसले विश्वासको मत दिन नहुने धारणा बनाइ छ ।

कांग्रेसबाहेक सबैजसो दलको समर्थन जुटाएका दाहाललाई कांग्रेसले पनि विश्वासको मत दिँदा प्रतिनिधिसभा प्रमुख प्रतिपक्षविहीन हुनेछ । सभापति देउवासहितका शीर्ष नेताहरू भविष्यमै सत्ता पुनरागमनको सम्भावना जीवित राख्न प्रधानमन्त्री दाहाललाई विश्वासको मत दिनुपर्ने पक्षमा छन् ।

विश्वासको मत दिँदा एमालेसँग माओवादीलाई अलग गराएर सत्ता बदल्न सकिने उनीहरूको तर्क छ । उपसभापति धनराज गुरुङ, महामन्त्रीद्वय थापा र शर्मासहितका अधिकांश नेता प्रतिपक्षमा बस्नुपर्ने अडानमा छन् ।

उनीहरू दाहाललाई विश्वासको मत दिँदा पार्टी अर्को दुर्घटनामा पुग्ने चेतावनी उनीहरूले नेतृत्वलाई दिँदै आएका छन् ।

# पर्साका प्रजिअलाई होटल व्यवसायीको ज्ञापनपत्र



२५ पुस, वीरगञ्ज । वीरगञ्जका होटल व्यवसायीले राति १२ बजेसम्म होटल व्यवसाय सञ्चालन गर्न पाउनुपर्ने माग राखेका छन् । कोरोना महामारीका कारण थलिएको होटल व्यवसायलाई पुनरुत्थानका लागि राति १२ बजेसम्म सञ्चालन गर्न पाउनुपर्ने माग उनीहरुको छ ।

सरकारले संघीय राजधानी काठमाडौं लगायत देशका महानगरपालिका तथा महत्वपूर्ण पर्यटकीय स्थलहरुमा कार्यविधिका आधारमा होटल तथा पर्यटन व्यवसायहरु २४ सै घण्टा खोल्न अनुमति दिएको छ । पर्सामा कम्तिमा रातको १२ बजेसम्म मात्रै भएपनि होटल तथा रेष्टुरेन्टहरु उचित कार्यविधि बनाएर सञ्चालन गर्ने वातावरण बनाइदिनुपर्ने उनीहरुको धारणा छ ।

होटल तथा पर्यटन व्यवसायी संघ वीरगञ्जका अध्यक्ष हरि पन्त नेतृत्वको टोलीले सोमबार पर्साका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) उमेशकुमार ढकाललाई ज्ञापनपत्र बुझाएको छ । अध्यक्ष पन्तले होटल तथा रेष्टुरेन्ट राति १० बजे नै बन्द गर्नुपर्दा आफूहरु मर्कामा परेको बताए ।

'वीरगञ्जका पसल व्यवसाय ९ बजेसम्म खुल्छन्, त्यसपछि बल्ल व्यवसायीहरु परिवारसँग खाना खान वा रमाइलो गर्न निस्कन पाउँछन्,' उनले भने, 'होटल तथा रेष्टुरेन्ट राति १० बजे नै बन्द गर्नुपर्ने हुन्छ । त्यसको आधा घण्टा अगाडि नै बेटरले अर्डर लिन बन्द गरिसकेका हुन्छन् । यसले गर्दा उनीहरु आएपनि होटल तथा रेष्टुरेन्टमा खाना र रमाइलो गर्न पाउँदैनन् ।'

सुरक्षा वा अन्य जोखिमलाई मध्यनजर गरेर आवश्यक मापदण्ड बनाई होटल तथा रेष्टुरेन्ट राति १२ बजेसम्म सञ्चालन गर्न पाउनुपर्ने माग उनको छ । ज्ञापनपत्र बुझ्दै प्रजिअ ढकालले होटल तथा रेष्टुरेन्ट सञ्चालनका लागि कार्यविधि बनाउन सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा उपसमिति गठन भइसकेको बताए । उपसमितिले सरोकारवालासँग आवश्यक परामर्श गरी प्रतिवेदन बुझाउने र सुरक्षा समितिको बैठक बसेर उचित निर्णय लिने उनको भनाइ छ ।

उपसमितिका संयोजक एवं सहायक प्रमुख जिल्ला अधिकारी महेशराज तिमल्सीनाले होटल तथा रेष्टुरेन्ट व्यवसायीसँग मंगलबार दिउँसो छलफल गर्ने जानकारी दिए । पर्साका प्रहरी उपरीक्षक कोमल साहले राति १२ बजेसम्म होटल तथा रेष्टुरेन्ट सञ्चालन गर्न सकिने बताए । तर त्यसका लागि होटल तथा रेष्टुरेन्ट व्यवसायीले तोकिएको मापदण्ड भने पालना गर्नुपर्ने उनको भनाइ छ ।

'राति १२ बजेसम्म चलाउँछन भने चलाऊन्, हामीलाई कुनै समस्या छैन,' उनले भने, ' तर सीसी क्यामेरा जडान गर्ने, पाहुनाको पहिचान खुल्ने कागजपत्र राख्ने लगायत सुरक्षा मापदण्ड पालना गर्नुपर्छ, अनि अरुलाई डिष्टर्ब गर्नु भएन ।'

होटल तथा पर्यटन व्यवसायी संघ वीरगञ्जमा आबद्ध ३८ सहित वीरगञ्जमा आवासीय होटल तथा ए लेभलका रेष्टुरेन्ट ८ वटाको हाराहारीमा छ ।

# पढाइमा अब्बल किशोर साथीबाटै अपहरित, ४ जना पक्राउ



२४ पुस, वीरगञ्ज । वीरगञ्ज महानगरपालिका-१६ बस्ने १६ वर्षीय किशोर पढाइमा अब्बल थिए । कक्षामा उनी सधैं प्रथम हुने । बेला बेलामा साथीहरुलाई समेत उनी पढ्न सिकाउँथे । बिहान सबेरै उठेर पढ्ने उनको बानी थियो ।

पुस २३ गते शनिबार बिहान पनि उनी सबेरै उठे । हातमुख धुन आँगनमै रहेको कलधारामा निस्किए । तर त्यसपछि उनी घर फर्किएनन् । उनी लामो समयसम्म धारावाट नफर्किएपछि अभिभावकले खोज्न थाले ।

बिहान लागेको बाक्लो हुस्सुका कारण टाढाको दृश्य नदेखिने अवस्था थियो । परिवार र छरछिमेकले खोज्दा नभेटेपछि प्रहरीलाई खबर गरे । साढे ६ बजेतिर उनी हराएको खबर प्रहरी समक्ष पुग्यो ।

प्रहरी र स्थानीय बासिन्दाले संयुक्त रुपमा खोजी जारी राखे । बिहान ७ बजेतिर घरपछाडि चौरमा ती बालक हात खुट्टा बाँधेको र मुखमा कपडा कोचिएको अवस्थामा फेला परे ।

प्रहरीले प्रारम्भिक अनुसन्धानका क्रममा एउटै कक्षामा पढ्ने ४ जना मिलेर उनको अपहरण गरेको पत्ता लगाएको छ । घटनामा संलग्न चारै जनालाई पक्राउ समेत गरेको छ । पीडित बालक र बन्धक बनाउने चारै जना वीरगञ्जकै एउटा विद्यालयमा कक्षा १० मा अध्ययनरत विद्यार्थी हुन् ।

कलमा हात मुख धोइरहेको अवस्थामा उनीसँगै चार जना मिलेर कम्बलले छोपेर अपहरण गरेको अनुसन्धानका क्रममा खुलेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायव उपरीक्षक दिपक गिरीले जानकारी दिए ।

'कम्बलले छोपेपछि मुखमा कपडा कोची बोल्न कराउन नदिएका रहेछन्, घरदेखि ३ सय मिटर टाढा सुनसान खाली चौरमा लगेर मुखमा थप गलबन्दी, पन्जा तथा रूमाल कोचेछन्' उनले भने, 'केबलको कालो तारले मुखको कपडा नखुस्कियोस बाँधिएको थियो, खुट्टा र दुवै हात पछाडि फर्काएर बाँधेको अवस्थामा हामीले फेला पारेर उद्धार गरेका थियौं ।'

बालकको उद्धारमा संलग्न वडा प्रहरी कार्यालय बिर्ताका प्रहरी निरीक्षक विशाल मल्लका अनुसार पढाइमा अब्बल भएकै कारण निकटतम प्रतिस्पर्धी विद्यार्थीले रिस, द्वेष र डाहले घटना घटाएका थिए । 'अपहरणमा पर्ने बालक पढाइमा अत्यन्तै अब्बल रहेछन्, कक्षामा सधैं प्रथम हुने', उनले भने, 'उसलाई कमजोर बनाउन उनीहरुले घटना घटाएको देखिन्छ ।'

यसअघि मंसिर २८ गते पनि अपहरित किशोरलाई उनका साथीहरुले कुटपिट गरेको प्रहरीले जनाएको छ ।

अपहरणमा संलग्न किशोरहरुमध्ये केहीलाई अपहरित केटाले बेला बेलामा पढाएर सहयोग समेत गर्ने गरेको पाइएको उनको भनाइ छ ।

प्रहरीले घटनामा प्रयोग गरिएको रूमाल, केवलको कालो तारका टुक्राहरू, पन्जा, गलबन्दी र कम्बल समेत बरामद गरेको छ ।

घटनामा संलग्न चारै जनाविरुद्ध पर्सा जिल्ला अदालतबाट अपहरण तथा शरीर बन्धक कसूरमा ६ दिन म्याद अनुमति लिएर घटनाबारे थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

# फिल्म रोमियो जुलिएट :१६ वर्षको उमेरमा 'नग्न दृश्य' ७० पुगेपछि मुद्दा दायर



एजेन्सी : सन् १९६८ मा निर्मित फिल्म 'रोमियो एन्ड जुलिएट'मा काम गर्ने कलाकारहरुले नग्न दृष्य खिचेको आरोपमा पारामाउन्ट पिक्चर्सविरुद्ध मुद्दा दर्ता गराएका छन्। यो मुद्दा अमेरिकामा दायर भएको हो।

फिल्म सुटिङका क्रममा नग्न दृष्य खिच्ने बहानामा कलाकारहरुले यौन दुर्व्यवहार र यौन उत्पीडन भोग्नुपरेको आरोप लगाएका छन्। पारामाउन्ट फिल्मको यो फिल्मको निर्देशन जेफ्रेलिले गरेका थिए। फिल्मका कलाकार लियोनार्ड ह्वाइटिङ र ओलिभिया हसीले फिल्ममा काम गर्दा १६ र १५ वर्षका थिए। हाल यिनीहरु ७० वर्षका भएका छन्। फिल्मको छायांकनका क्रममा निर्देशक फ्रान्को जेफ्रेलिले नग्न दृष्य गर्न भनेका थिए। निर्देशक जेफ्रेलिको सन् २०१९मा मृत्यु भइसकेको छ।

जबकि उनले त्यसअघि नग्न दृश्य नखिच्ने बाचा गरेका थिए। अहिले दुवैजनाले ५० करोड डलरको क्षतिपूर्ति माग गरेका छन्।

'फिल्का कारण दुवै कलाकार निकै भावनात्मक समस्यामा परेका थिए। उनहरुले दशकौंसम्म मानसिक समस्यासँग संघर्ष गरे। फिल्मको प्रिमियमपछि उनले धेरै कम काम पाए,'दायर गरेको मुद्दा भनिएको छ।

तर, प्यारामाउन्टले यस मुद्दामा आफ्नो तर्फबाट अहिलेसम्म कुनैपनि प्रतिक्रिया दिएको छैन। लियोनार्द ह्वाइटनिङ र ओलिविया हसीका म्यानेजरले प्यारामाउन्ट पिक्चर्स स्टुडियोले दुवैजनालाई धोका दिएको आरोप लगाएका छन्।

त्यो बेला यो फिल्म निकै हिट भएको थियो। शेक्सपियरका कामहरु देखाउन यो फिल्म निर्माण गरिएको थियो। फिल्मले उत्कृष्ट छायांकन र उत्कृष्ट पोशाक डिजाइनका लागि दुई ओस्कार अवार्ड पाएको थियो।

# दिलीपलाई न्याय कहिले ?

काठमाडौं – धनुषाको औरही खोलाबाट भइरहेको ढुंगा, गिट्टी र बालुवा अनियन्त्रित र गैरकानुनी उत्खननको विरोध गर्दा मारिएका ओमप्रकाश महतो (दिलीप) को परिवारले तीन वर्षसम्म पनि न्याय पाएका छैनन् ।

२०७६ पुस २५ को बिहान दिलीपको हत्या भएकोमा त्यसै सालको माघ २२ मा जिल्ला अदालतमा मुद्दा दर्ता भएको थियो । तर, अहिलेसम्म पनि उक्त मुद्दा टुंगिन सकेको छैन । न्याय माग्न परिवार दोस्रोपटक काठमाडौं आएका छन् ।

गत भदौ १० मा न्यायका लागि पहल गरिदिन काठमाडौं आएर पत्रकार सम्मेलन गरेका महतो परिवार सोमबार दिलीप हत्याको तेस्रो वार्षिकीमा पुनः काठमाडौं आएका छन् । सोमबार बिहान दिलिपप्रति श्रद्धाञ्जली र त्यसपछि पर्यावरणबारे छलफल कार्यक्रम गरिएकोमा दिउँसो माइतीघरमा उभिएर दिलीपका लागि न्यायको याचना गरेका हुन् ।

दिलीप हत्या मुद्दा : तीन वर्षसम्म 'प्रारम्भिक अवस्थामै'

घरअगाडिको औरही खोलाबाट भइरहेको ढुंगा, गिट्टी र बालुवाको अवैध उत्खननको विरोध गर्दा ओमप्रकाश महतो (दिलिप) को हत्या भएको थियो । अनियन्त्रित उत्खननविरुद्ध आवाज उठाइरहेका दिलीपको चुरियामाई बालुवा प्रशोधन उद्योगका सञ्चालक र कामदारले हत्या गरेको अभियोग छ । हत्यापश्चात उनलाई टिपरले किचाएर दुर्घटना भएको देखाउने प्रयास गरिएको थियो ।

दिलीपको हत्यामा संलग्न रहेको भन्दै चुरियामाई बालुवा प्रशोधन उद्योग सञ्चालक विपिनकुमार महतो, उनका दाइ विनोदकुमार महतो, उद्योगमा कार्यरत मुनिन्द्र महतो, जितेन्द्र महतो, सत्यनारायण महतो, शत्रुधन महतो र दिलीपका साथी रोशनकुमार यादवविरुद्ध जिल्ला अदालतमा मुद्दा दायर गरिएको छ । उनीहरूमध्ये सुरुमा फरार रहेका उद्योग सञ्चालक विनोद करिब एक वर्षपछि अदालतमा आफैं हाजिर हुन पुगेकामा जिल्ला अदालतले साधारण तारिखमा राख्यो ।



न्याय माग्दै काठमाडौं आएका दिलीपकी आमा चन्द्रकलादेवी (बीचमा), बहिनी लक्ष्मी रामजीवन(बायाँ)लगायत ।

कामदारहरू सत्यनारायण र शत्रुधन तथा विनोदका साथी रोशनकुमारलाई जिल्ला र उच्च अदालतले २५ हजार धरौटीमा छाडेका कारण उनीहरू निष्फिक्री हिँडिरहेका छन् ।

उद्योग सञ्चालक विपिन तथा उनका कामदारहरू मुनिन्द्र र जितेन्द्र पुर्पक्षका लागि थुनामा छन् ।

उनीहरू सातै जनाले दिलीपलाई फलामको लिभर र पेचकसले शरीरका विभिन्न भागमा क्रूरतापूर्वक प्रहार गरेर हत्या गरेको सरकारी वकिलको दाबी छ । जिल्ला अदालतमा दायर गरिएको अभियोगपत्रमा आक्रमणपश्चात् बेहोस भएर ढलेका दिलीपलाई ना ७ ख ६४१३ नं. टिपरको पछाडि चक्काले टाउकोमा कुल्चाएर मारी सडक दुर्घटनाको रूप दिने प्रयास गरिएको उल्लेख छ ।

विगत ३ वर्षमा १८ पटक पेसी चढेकोमा केवल चार पटक सुनुवाइ भएको छ । जसमा चारै पटक न्यायाधीशहरूले साक्षी बुझ्ने आदेश मात्र गरेका छन् ।

दिलिप्की बहिनी लक्ष्मीले आफूहरूको एक मात्र दाइको हत्यापछि न्यायका लागि परिवारले दुःख पाइरहेको बताइन् ।

दिलीपका बाबु रामजीवनले नयाँ सरकारका गृहमन्त्री रवि लामिछानेले बलात्कारपछि हत्या गरिएकी कन्चनपुरकी बालिका निर्मला पन्तको घटनामा पुनः अनुसन्धान गर्न आदेश दिएपछि आफूहरूको पनि न्यायको आश जागेको बताए ।साभार इकान्तिपुर

# सप्तरीमा रोकिराखेको टिपरमा ठोक्किएर दुई मोटरसाइकल चालकको मृत्यु

राजविराज – रोकिराखिएको टिपरमा ठोक्किएर आइतबार सप्तरीमा दुई युवकको मृत्यु भएको छ । मृत्यु हुनेमा खडग नगरपालिका-११ बनौलीका २० वर्षीय बैजु भनिने बैजनाथ चौधरी र डाकनेश्वरी नगरपालिका-१० का २२ वर्षीय रमाकान्त चौधरी रहेको प्रहरीले जनाएको छ ।

खडग नगरपालिका-११ को वडा कार्यालयदेखि पूर्वहुलाकीमार्ग खण्डमा बिग्रेर रोकिराखिएको स १ ख ९२८ नम्बरको टिपरमा राजविराजतर्फ आउँदै गरेको बा ८९ प ३२१५ नम्बरको मोटरसाइकल र प्रदेश १-०२-०४४ प ८६१९ नम्बरको मोटरसाइकल पछाडिबाट टिपरमा ठोक्किँदा दुवै मोटरसाइकल चालकको घटनास्थलमै मृत्यु भएको हो ।

दुवै मोटरसाइकलमा पछाडि सवार रहेका सुमन चौधरी र बुधन चौधरी घाइते भएको र उनीहरुको उपचार भइरहेको प्रहरीले जनाएको छ ।